# धानको न्यूनतम समर्थम मूल्यको प्रभावकारी कार्यान्वयन सम्बन्धी बैठक तथा छलफल

मिति २०७९।०८।१३ गते राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा राष्ट्रिय किसान आयोगका पदाधिकारीज्यूहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह-सचिवज्यू, राष्ट्रिय सहकारी महासंघका अध्यक्षज्यू र खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लि. का विभागीय प्रमुखज्यूको समेत सहभागितामा आ.व.२०७९/०८० मा तोकिएको धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धी बैठक तथा छलफल कार्यक्रम सम्पन्न भयो।

उक्त बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तर्फबाट धानको न्यूनतम समर्थन मूल्य तोक्ने प्रकृया र उक्त मूल्यमा खरिद गर्न अपनाउनु पर्ने विधिबारे जानकारी गराउनु भयो। राष्ट्रिय सहकारी महासंघको तर्फबाट धानको न्यूनतम समर्थन मूल्य तोक्ने एंव खरिद योजना प्रभावकारी नभएको र यसलाई प्रभावकारी बनाउन धान लगायत अन्य बालीको पनि समयमै मूल्य निर्धारण गरी कुन संस्थाले कति खरिद गर्ने हो सोको योजना बनाई कार्यान्वयन गर्नु पर्ने विषय राख्नु भयो। उक्त बैठकमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. खरिद इकाईका विभागीय प्रमुखबाट हालसम्म कम्पनीले धान खरिद गर्दा भोग्नु परेका समस्या र खरिद कार्यको कारोबार बारे जानकारी गराउनु भयो। वैठकमा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरुले धानको न्यूनतम समर्थन मूल्यमा किसानबाट सहज रुपले खरिद गर्नको लागि आवश्यक योजनाहरु बारे आ-आफ्नो धारणा राख्नु भएको थियो ।

अन्तमा वैठकका अध्यक्ष एवम् राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूबाट धानको न्यून्तम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयनको लागि अर्थ मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय सहकारी महासंघ, खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लि. एवम् राष्ट्रिय किसान आयोगले आ-आफ्नो क्षेत्राधिकार अनुसार जिम्मेवारी पूरा गर्नुपर्ने, सहकारी मार्फत धान खरिद गर्न सहकारीलाई के कस्तो सहयोगको आवश्यकता पर्छ सोको लागि पहल गर्ने र खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लि.ले न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्नका लागि तत्परता देखाउनु पर्ने र सो कार्यमा राष्ट्रिय किसान आयोग र सम्बन्धित मन्त्रालयहरुले महत्वपूर्ण भूमिका खेल्नु पर्ने विषय राख्दै बैठकको समापन गर्नु भयो ।